# गोरखापत्र संस्थान

प्रधान कार्यालय, धर्मपथ, काठमाडौं

## पत्रिका ढुवानी सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७६।१२।९)

सूचना नं सा .प्र. ६/०७६/७७

यस संस्थानका प्रकाशनहरू नियमितरूपमा तपसिल बमोजिमका रूटहरूमा संस्थानले तोकेको समयमा आ.व. २०७६।७७ का लागि दैनिक रूपमा ढुवानी गराउन आवश्यक परेकाले इच्छुक ढुवानी सम्बन्धी इजाजत प्राप्त फर्म, कम्पनी एवं नेपाली नागरिकले गाडी भाडामा दिन आफूले चाहेको भाडादर प्रस्टरूपमा उल्लेख गरी रीतपूर्वक बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ढुवानी स्थलमार्ग रुट | जम्मा गर्नुपर्ने धरौटी रकम | कैफियत |
|---|---|---|---|
| १. | काठमाडौं - गल्छी - मलेखु - मुग्लिन- आँबुखैरेनी - डुम्रे - दमौली हुँदै पोखरा | रु. ४३,६८०/- | उल्लेखित मुख्य ३ वटा रुट भएर अन्यत्र सहायकमार्ग सदरमुकाम वा सहरमा जाने एकतर्फी दूरी दायाँ र बायाँ दुवैतर्फ २०/२० कि.मी. भित्र पुऱ्याउनुपर्ने संस्थानका प्रकाशनका मुठाहरू तोकिएको समयभित्र पुऱ्याउने जिम्मेवारी टेन्डरदाता ढुवानीकर्ताको हुने र अन्यको हकमा सम्झौतामा उल्लेख भएअनुसार हुनेछ। |
| २. | मुग्लिन - नारायणगढ - भरतपुर- कावासोती हुँदै दाउन्नेसम्म | रु. २७,३००/- | |
| ३. | काठमाडौं - फर्पिङ - हेटौंडा - पथलैया हुँदै वीरगञ्ज | रु. ३२७६०/- | |

**सर्तहरू :**

१. बोलपत्रदाताले बोलपत्र सूचनामा तोकिए बमोजिमको धरौटी रकम संस्थानको ने.बैं.लि. काठमाडौं अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५०००००१ मा नगद जम्मा गरी सोको बैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैकबाट सो रकम बराबरको कम्तीमा ९० दिनको बैक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी बोलपत्र पेस गर्नुपर्नेछ।

२. बोलपत्र दर्ता गर्दा फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, आयकर दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७५।०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, सवारी दर्ता तथा सवारी धनीको नाम प्रस्ट उल्लेख भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नागरिकताको प्रमाणित प्रतिलिपि, पासपोर्ट साइजको फोटो एक प्रति र संस्था नवीकरण समेतको प्रमाणित प्रतिलिपिसहित अन्य आवश्यक कागजातहरू संलग्न हुनुपर्नेछ।

३. बोलपत्र दिँदा सिलबन्दी खाम बाहिर पत्रिका ढुवानी सम्बन्धी सिलबन्दी बोलपत्र भन्ने प्रस्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू, गोरखापत्र संस्थान, प्रधान कार्यालय, धर्मपथ, काठमाडौं नामले सम्बोधन गर्नुपर्नेछ।

४. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३१औं दिन अर्थात २०७७/१/९ गते दिउँसो १२:०० बजेभित्र बोलपत्र यस संस्थानमा दर्ता भइसक्नुपर्नेछ। उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट बुझाउन सकिनेछ। रीत नपुगेका, सर्तहरू राखिएका तथा म्याद नाघी आएका बोलपत्र उपर कुनै कारबाही गरिनेछैन। प्राप्त हुन आएका बोलपत्रहरू बोलपत्र बुझाउने अन्तिम दिन अर्थात २०७७/१/९ गते अपरान्ह २:०० बजे बोलपत्रदाताको उपस्थिति वा अनुपस्थितिमा संस्थानका प्रतिनिधिहरूको रोहवरमा संस्थान भवनमा खोलिने छ। यदि उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन प्रस्तावक वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि बोलपत्र खोलिनेछ।

५. बोलपत्रमा उल्लेख गरेको दररेट अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरी लेखिएको हुनुपर्नेछ। फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६. बोलपत्र सम्बन्धी फाराम रु. ३०००/- (अक्षरेपी तीनहजार रुपियाँ मात्र) फिर्ता नहुने गरी तिरी संस्थानको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ। उक्त फाराम भरी पेस गरेको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

७. माथि जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावकलाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्रहरू आंशिक वा पूरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ।

८. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र संस्थानमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ।

९. अन्य विस्तृत जानकारीका लागि संस्थानको वितरण विभाग तथा सामान्य प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

१०. यो सूचनामा नपरेका अन्य विषयमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछन्।

**सामान्य प्रशासन शाखा**

**गोरखापत्र संस्थान**

फोन नं.४२२३०७८